"सामाजिक, आर्थिक र वातावरणीय न्यायको आधार: सिमान्तकृत समुदायको मानव अधिकार"

# ७६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस-२०८१

# १६ औं मानव अधिकार राष्ट्रिय महाभेला २०८१

## HUMAN RIGHTS NATIONAL MAGNA MEET-2024

KATHMANDU, NEPAL

(FORUM OF CIVIL SOCIETY AND HUMAN RIGHTS DEFENDERS)

# जानकारी पत्र

## १६औं मानव अधिकार राष्ट्रिय महाभेला

सह-संयोजक:

संयोजक:

## सहकार्य गर्ने संस्थाहरु



**भोला भट्टराई**
***संयोजक***
**१६ औँ मानव अधिकार राष्ट्रिय महाभेला २०२४**

# शुभकामना !

मानव अधिकार महाभेला (२०८१) को लागि राष्ट्रिय जनवकालत मञ्च, नेपाल मार्फत मलाई संयोजकको जिम्मेवारी दिनु हुने सम्पूर्ण मानव अधिकारकर्मी साथीहरु, नागरिक समाजका संघ संस्था एवं राष्ट्रिय मानव अधिकार आयोग प्रति धन्यवाद दिन चाहन्छु ।

महाभेला मानव अधिकार रक्षक तथा अधिकारमुखी अवधारणामा कार्यरत सबै व्यक्ति र निकायको साझा थलो हो । यस वर्ष हामीले महाभेलालाई सामाजिक, आर्थिक र वातावरणीय न्यायको आधार : सिमान्तकृत समुदायको मानव अधिकार भन्ने नाराका साथ संघ, प्रदेश र स्थानिय स्तरमा विविध कार्यक्रमसहित मनाउँदै छौँ । महाभेलामा मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय फ्रेमवर्कको पुर्नव्याख्याको (Redefining human rights framework), युद्ध ग्रस्त क्षेत्रमा भईरहेको मानव अधिकार हनन तथा नेपालमा सिमान्तकृत समुदायको अधिकार हननका विषयलाई प्राथमिकताका साथ छलफल हुने विश्वास लिएको छु ।

सामाजिक, आर्थिक, संस्कृतिक वातावरणीय एवं राजनीतिक स्तरमा बढ्दो अन्याय, असमावेशिकरण तथा विभेदका कारण नागरिक भुमिका (Civic Space) खुम्चिदै गएको सन्दर्भमा महाभेलाले नागरिक आवाज बुलन्द गर्दै सरकार र निजी क्षेत्रको जवाफदेहिता खोज्न मद्दत पुग्ने विश्वास लिएका छौँ ।

अन्त्यमा सप्ताहव्यापी महाभेला डिसेम्बर ८-१४, २०२४ मा यहाँहरुको सकृय सहभागिता रहने विश्वास सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

❑❑❑



❑ **चरण प्रसाई**-संस्थापक संयोजक,
मानव अधिकार राष्ट्रिय महाभेला

# १६औं माहाभेलाको सफलताको शुभकामना !

यतिबेला ७६औं विश्व मानव अधिकार दिवश मनाई रहँदा संसार मानवीय संकटमा परेको देखिएको छ । शक्तिशाली राष्ट्रका आडमा विश्वमा भएका बाह्य आक्रमण र आन्तरिक द्वन्द्व एवं युद्धबाट बालबालिका, महिला, आशक्त, बृद्ध तथा निर्दोष व्यक्तिहरु युद्धअपराध तथा मानवता विरुद्धका अपराधका सिकार भएका छन् । यसबाट असंख्य मानिस आफ्नो र परिवारका सुरक्षाका लागि आन्तरिक विस्तापनमा परेका छन् । विरानो मुलुकमा शरण खोज्न बाध्य भएका छन् । हिंसा, बर्बरता तथा क्रुरताको सिमा नाघेको छ । जलवायु परिवर्तनले पनि मानव सभ्यतामाथि जोखिम बढाएको छ । स्वच्छ एवं शान्तिपूर्वक वातावरणमा बाच्न पाउँने नागरिकको आधारभूत अधिकारमाथि गम्भीर अतिक्रमण भएका छन् ।

विश्व शान्तिको लागि सन् १९४५ मा स्थापित राष्ट्रसंघलाई असफल पार्ने प्रयास भएका छन् । डिसेम्बर १०, १९४८मा जारी मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको ब्यापक उलंघन भएको छ । यसले प्रतिपादन गरेका संन्धि-संझौताको पालन भएका छैनन् । विश्वशान्ति कायम राख्न स्थापित राष्ट्रसंघको सुरक्षा परिषद् हनन्कर्ता शक्तिशाली राष्ट्रका कब्जामा परेको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतका आदेश लागु भएका छैनन् ।

तथापि मानव अधिकारको संरक्षण तथा संवर्धनको अन्तिम आशाको केन्द्र भनेको राष्ट्रसंघ हो । विश्वमा शान्ति सुरक्षा, विधिको शासन तथा मानव अधिकारको रक्षा गर्ने दायित्व यसमा निहीत छ । यो सँगठन प्रभावशाली भएमा विश्वका अत्यचारी शासकहरुलाई जवाफदेही बनाउँने हो । त्यसअर्थ विश्वका समस्त शान्तिप्रिय नागरिकले यसलाई अविच्छिन्न साथ, सहयोग र समर्थन दिएमात्र यो सम्भब हुने हो ।

अन्तमा राष्ट्रसंघसमेतको सहकार्यमा नेपालको शान्ति प्रकृया सुरु भएको १८ वर्ष पुगेपनि यो अधुरो छ । यसमा उठेका राजनीतिक सवालहरु मध्ये-माओवादी लाडाकुको नेपाली सेनामा समायोजन, संविधान सभाबाट संविधान निर्माण, राज्य पुनर्संरचना पुरा भए तर राष्ट्रको भविष्यसँग गाँसिएको द्वन्दपीडितको सत्य, न्याय, परिपुरण तथा संस्थागत सुधारसहित नदोहोरिने सुनिश्चित गर्ने एक प्रमुख खण्ड **'संक्रमणकालीन न्याय'** थाति रहेको छ । यसअर्थ यस १६औं राष्ट्रिय माहाभेलाले यस सवाललाई पनि गम्भीरताका साथ लिई टुङ्गोमा पुर्‍याउँन सहयोगी बन्ने छ भन्नेमा मैले विश्वास लिएको छु ।

महाभेलाको सफलताको हार्दिक शुभकामना ।

❑❑❑



# z'esfdgf

**मन्जु गुरुङ्**
***संयोजक***
**१३औं मानव अधिकार राष्ट्रिय महाभेला**

१६औं मानव अधिकार राष्ट्रिय महाभेलाको शुभ अवसरमा, यस महाभेलाको सफल आयोजना र फलदायी निष्कर्षको कामना गर्दछु । नाफानको संयोजन तथा आयोन, मर्यादा फाउन्डेशन, र सोसेकको सहसंयोजनमा आयोजित यो महाभेला मानव अधिकारको संरक्षण, प्रवर्धन, र सुनिश्चिततामा क्रियाशील संघसंस्थाहरुलाई एकीकृत गर्दै सार्थक संवादको माध्यम बन्नेछ भन्ने विश्वास लिएको छु ।

यस महाभेलाको अवसरमा, हामी वैदेशिक रोजगारमा रहेका नेपाली महिलाहरुको अधिकारको विषयलाई प्राथमिकताका साथ उठान गर्न चाहन्छौं । देशको आर्थिक, सामाजिक, र पारिवारिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका यी महिलाहरु विभिन्न देशहरूमा अनेकौं चुनौतीहरूको सामना गरिरहेका छन् । तिनीहरूलाई शोषण, हिंसा, तलब नपाउने, भेदभावपूर्ण व्यवहार, र असुरक्षित वातावरणजस्ता समस्याबाट जोगाउनु हामी सबैको दायित्व हो ।

यस सन्दर्भमा, सम्बन्धित वैदेशिक रोजगारमा जाने नेपाली महिलाहरुका लागि प्रभावकारी नीति निर्माण गरी, तिनको कार्यान्वयनमा ध्यान दिन सरकारी निकाय, गैरसरकारी संस्था, र सरोकारवालाहरुलाई आग्रह गर्दछु । विशेष गरी, उनीहरुको सुरक्षित प्रस्थान, गन्तव्य मुलुकमा न्यायोचित व्यवहार, पुनःस्थापना, र मानसिक स्वास्थ्यको सुनिश्चितताका लागि ठोस कदम चाल्न आवश्यक छ ।

मानव अधिकारको परिपालन हरेक व्यक्तिको मौलिक अधिकार मात्र नभई एक सार्वभौम कर्तव्य पनि हो । यस महाभेलाले यी र यस्ता अन्य महत्त्वपूर्ण विषयहरूमाथि ध्यान केन्द्रित गरी दीर्घकालीन समाधानका मार्ग पहिल्याउनेछ भन्ने अपेक्षा राख्दै, पुनः १६औं मानव अधिकार राष्ट्रिय महाभेलाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

❑❑❑



**गणेश वि.के.**
**संयोजक, दोस्रो मानव अधिकार राष्ट्रिय महाभेला**

## मानव अधिकार म्याग्नामिट नेपाली विशेषताको मानव अधिकार आन्दोलन हो ।

**सन्दर्भ :**

मानव अधिकारको पहिलो जननी सन् १२१५ मा लेखिएको म्याग्नाकार्टा हो । यही म्याग्नाकार्टाको निरन्तरताका रुपमा नेपालका मानव अधिकारकर्मीहरुको सक्रियतामा सन् २००९ (वि.सं. २०६६ साल) मा वरिष्ठ मानव अधिकारकर्मी चरण प्रसाईको संयोजकत्वमा ६१औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा मानव अधिकार राष्ट्रिय महाभेला (National Magna Meet on Human Rights) को सुरुवात गरिएको थियो । मानव अधिकार म्याग्नामिटको एक जना संस्थापक हुनुको नाताले म दोस्रो संयोजक भइ काम गर्ने सौभाग्य प्राप्त गरे । म संयोजक हुँदा पूर्वको ताप्लेजुङ, पश्चिमको दार्चुला र उत्तरको हुम्लादेखि दक्षिणको मधेशका सबै जिल्लाहरुबाट मानव अधिकार यात्राकासाथ काठमाडौंमा म्याग्नामिटको उद्घाटन गरियो । भने सोही कार्यक्रममा पहिलो पटक राष्ट्रिय मानव अधिकार पुरस्कारको स्थापना गरी सो पुरस्कार पूर्वन्यायधिश लक्ष्मण अर्यालज्यूलाई प्रदान गरिएको थियो । १६औं मानव अधिकार म्याग्नामिटका अवसरमा यसको सुरुवातकर्ता मध्येका प्रमुख नेता स्वर्गीय पद्यरत्न तुलाधर र दमननाथ ढुंगानाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

**मानव अधिकार म्याग्नामिटका प्राथमिकताहरु :**

१. मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को मूलमर्म स्वतन्त्रता, समानता र सम्मान रहेकोले कसैलाई पनि धर्म, जात, रङ्ग, भाषा, लिङ्ग, ठाउँको आधारमा विभेद र असमान व्यवहार गर्न नहुने विश्वव्यापी मान्यतालाई आत्मसात गर्दै मानव अधिकार म्याग्नामिट एकदिनको सेलिब्रेशन मात्र नभई यो एउटा **'सबै मानव अधिकार सबैका लागि बराबर'** अभियानका रुपमा लैजानुपर्दछ ।

२. नेपालको संविधानले मानव अधिकार, लोकतन्त्र र विधिको शासनलाई पूर्णरूपमा आत्मसात गरेको सन्दर्भमा लोकतान्त्रिक मूल्य मान्यता र विधिको शासनबाट मात्र मानव अधिकारको सूचकाङ्क माथि उठाउन दिगो विकास, प्रभावकारी र अर्थपूर्ण जनसहभागिता, सम-न्याय, शान्तिसुरक्षा, दण्डहीनताको अन्त्य, सुशासन, राजनितिक स्थिरता साथै जनउत्तरदायी सरकारको लागि संरचनागत व्यवस्था, संस्थागत व्यवस्थाका अतिरिक्त आम समुदाय, राजनितिक दल, आम नागरिक समेत आ-आफ्नो क्षेत्रबाट प्रतिबद्ध, सचेत र सजग भएर अघि बढ्नु पर्दछ ।

३. मानव अधिकार जसलाई चाहिएको छ त्यो समुदायसितको सम्बन्ध र तिनको आन्दोलनमा संलग्नता कमजोर हुँदा मानव अधिकारको विषय प्रतिवेदन र सुझावमा मात्र सीमित हुन पुग्ने हुँदा मानव अधिकार आन्दोलनलाई सम्पूर्ण जनताको आन्दोलन बनाउन सक्दामात्र यो फलदायी र दिगो हुन सक्दछ भन्ने मान्याताका आधारमा बृहत शान्ति सम्झौताका झण्डै दुई दशक पूरा भइसक्दा समेत शान्ति प्रक्रिया पूरा भएको छैन । त्यसैले हालै पारित भएको विधेयकलाई कार्यान्वयन गर्न आन्तरिक राजनीतिक परिचालन र द्वन्द्वबाट प्रभावितहरूको संलग्नता कम, अन्तर्राष्ट्रिय समुदायको संलग्नता बढी भयो भन्ने गुनासोलाई संवोधन गर्दै पिडित पक्षीय दृष्टिकोणबाट आयोग बनाउनेदेखि शान्ति प्रक्रियालाई न्यायोचित ढंगबाट टुंगिनुपर्दछ भन्ने मान्यतामा अडिग हुनुपर्दछ ।

४. राष्ट्रिय मानव अधिकार आयोगलगायतका संवैधानिक आयोगहरुको क्षमता अभिबृद्धि गर्दै मानव अधिकारको प्रत्याभूति र जवाफदेहिता, सामाजिक न्याय र मेलमिलाप, मानव अधिकारको सचेतना र सशक्तिकरण, मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, सूचना व्यवस्थापन, प्रवाह र जवाफदेहिता, आर्थिक व्यवस्थापन र सहकार्य, अधिकारमुखी विकास पद्धती, स्थानीय तहमा सेवा सेवा प्रवाह (शिक्षा, स्वास्थ्य, भौतिक निर्माण/पुर्वाधार, रोजगार) मानव अधिकार र शिक्षा, पूर्ण रुपमा नागरिकप्रति प्रतिवद्ध र जवाफदेही हुनुपर्नेमा जोड दिनुपर्दछ ।

५. व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा निहित अधिकारलाई मानव अधिकार भनिन्छ । मानव अधिकार कसैको दया, माया र कृपाबाट प्राप्त हुने अधिकार नभई मानिसले प्राप्त गर्ने जन्मसिद्ध, नैसर्गिक, सर्वमान्य, अविभाज्य, अहरणीय, अपरीहार्य, प्राकृतिक एवं आधारभूत अधिकार हो । जसलाई सामाजिक न्याय, मानवीय सुरक्षा र स्वतन्त्रताको आधारस्तम्भको रुपमा लिईन्छ । मानव अधिकारको संरक्षण हामी सबैको सामुहिक पहलबाट संभव छ । अनि मात्र ***सामाजिक, आर्थिक र वातावरणीय न्यायको अधिकार, सीमान्तकृत समुदायको मानव अधिकार*** भन्ने नारा साकार हुनेछ । मानव अधिकार म्याग्नामिट सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

❑❑❑

## Global Solidarity Against Human Rights Violations



**Mr. Naren Khatiwada**
***Convener***
10th Human Right Magna Meet 2018

The present world is witnessing an unprecedented level of human rights violations and atrocities in various parts of the globe, including Gaza and Ukraine. Right before our eyes, genocide, crimes against humanity, and war crimes are occurring. As a result, thousands of innocent people are being slaughtered, basic infrastructure bombed, and humanitarian norms, values, and international laws jeopardized. Global public institutions like the United Nations have been paralyzed, with the Security Council failing to ensure a ceasefire in Gaza and Ukraine.

At the same time, contrary to people's expectations, world powers, including the USA, China, Russia, and some member countries of the EU, are allegedly wrangling to serve their geopolitical vested interests in West Asia and Eastern Europe. Moreover, there has been saber-rattling about the potential use of nuclear weapons to win these wars. From a

humanitarian perspective, the 21st century appears to be more precarious for humanity than any previous era in recorded history due to the availability of nuclear weapons and advanced missile technologies.

Hence, world leaders must urgently initiate diplomacy and negotiation to ensure peace, stability, and prosperity worldwide, avoiding warmongering mindsets and practices. Furthermore, in my view, the 16th Human Rights National Magna Meet, among other objectives, should deliver a crystal-clear message to the world's great powers that the Human Rights Community of Nepal opposes war, genocide, and crimes against humanity in any part of the world. Instead, it stands in solidarity with human rights, democracy, the rule of law, and social justice.

Although Nepal's 2015 constitution has broadly ensured the rights of marginalized and vulnerable groups, including women, Dalits, persons with disabilities, the LGBTIQ community, Madhesis, and Indigenous peoples, the implementation of these rights remains inadequate. Justice has also eluded victims of the decade-long armed conflict (1996-2006) through the transitional justice mechanism. Additionally, Nepal faces numerous human rights challenges, hindering the fulfillment of fundamental rights and freedoms for marginalized and vulnerable communities.

Climate change has further exacerbated inequalities, disproportionately affecting these communities, particularly women. Despite national and international commitments to protect human rights, political elites remain preoccupied with power struggles at the expense of meaningful change. Instead of engaging in futile power politics, Nepal's political leaders must focus on upholding human rights by addressing inequitable power and wealth structures that marginalize the most vulnerable. At the same time, they must ensure climate justice for those disproportionately impacted.

Finally, I would like to congratulate NAFAN, AYON, Maryada Foundation, SOCEC, and the entire human rights community in Nepal for successfully organizing the 16th Human Rights National Magna Meet.



**भवानी प्रसाद खरेल**
पूर्व सहसंयोजक एवं सल्लाहकार, मानव अधिकार राष्ट्रिय महाभेला
अध्यक्ष, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान
**(तेस्रो मानव अधिकार राष्ट्रिय महाभेला २०६८ को मूल आयोजक संस्था)**

## शुभकामना !

७६ औं विश्व मानव अधिकार दिवस एकिकृत तथा प्रभावकारी तवरले उत्सवकै रूपमा मनाउन **१६ औं मानव अधिकार राष्ट्रिय महाभेला २०२४** को मुख्य संयोजनको जिम्मेवारी **राष्ट्रिय जनवकालत मञ्च नेपाल**लाई मुख्य संयोजनको जिम्मेवारी र मूल आयोजक समितिको संयोजकमा सो संस्थाका अध्यक्ष **श्री भोला भट्टराई** चयन हुनु भएको छ । महाभेलाको संयोजक र सहसंयोजकलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु । महाभेला सफलतापूर्वक सम्पन्न गर्न राष्ट्रिय मानव अधिकार प्रतिष्ठान परिवारको पूर्ण सहयोग रहने विश्वास दिलाउन चाहन्छु ।

जनताले लोकतन्त्रको प्रतिफल सहजै पाउन सकेका छैनन । महिला, बालबालिकाको जीवनरक्षा चुनौतिका रुपमा रहेको छ भने मानव अधिकारको अवस्था जटिल बन्दै गएको छ । अपहरण, बलात्कार, हत्याहिंसा, भ्रस्टचारले जरा गाडेको छ भने सुशासन शून्य अवस्थामा रहेको छ ।

यस्तो अवस्थामा महाभेलाका राष्ट्रव्यापीरुपमा सम्पन्न हने सन्देश एव दवाव मूलक कार्यक्रमहरु र यसको घोषण पत्र समेतबाट शान्ति, विकास र सुशासनका लागि दवाव एवं सहयोग पुग्ने आशा गर्न सकिन्छ । सबैको संलग्नता र सहकार्यबाट हामी लक्ष्यमा पुग्न सक्ने विश्वाससहित महाभेला पूर्णसफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

❑❑❑

## शुभकामना ! शुभकामना ! शुभकामना !

## सोह्रौं राष्ट्रिय मानव अधिकार महाभेला–२०८१ लाई शुभकामना !

*"हाम्रो अधिकार, हाम्रो भविष्य, अहिले नै" भन्ने आवाज घरमा घरमा गुन्जाउन सफलहोस् !!*

"लोकतन्त्र, मानव अधिकार र समावेशिता : राज्यको सबै क्षेत्र र तहमा समान महिला सहभागिता" भन्ने मुल नाराका साथ बियोण्ड बेजिङ्ग कमिटी नेपालको संयोजनमा सातौँ राष्ट्रिय मानव अधिकार महाभेला-२०७२ तथा ६७औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस-२०१५ र महिला हिंसा बिरुद्धको १६ दिने अभियान सुसम्पन्न भएको स्मरण गराउँदै, यस सोह्रौं राष्ट्रिय मानव अधिकार महाभेला-२०८१ तथा ७६औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस-२०२४ र महिला हिंसा बिरुद्धको १६ दिने अभियान अझबढी भव्यता र व्यपकताका साथ दिगो विकास लक्ष्यको मूल मर्म 'Leaving no one behind by Reaching the Furthest First' अनुरुप नेपालको ७५३ पालिकाको ६७४३ वडाहरूमा अवस्थित सबै परिवारमा यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्देश हाम्रो अधिकार, हाम्रो भविष्य, अहिलेनै 'Our Rights, Our Future, Right Now यस महाभेला-२०८१ ले पुऱ्याउन सकौं ! यस कार्यका लागि महत्त्वपूर्ण भूमिका बहन गर्ने जिम्मेवारी लिनु हुने संयोजन संस्था राष्ट्रिय जनवकालत मञ्च नेपाल, र सह-संयोजन गर्नु हुने नेपाल युवा संस्था संजाल र मर्यादा फाउण्डेसन नेपाललाई यस महान कार्यको जिम्मेवारी प्राप्त गर्नु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै, यस कार्यको लागि सबैले सहयोग गरिदिनु हुने नै छ भन्ने कुरामा विश्वस्थ हुँदै, ऐतिहासिक सफलताको लागि हार्दिक शुभकामना र शुभेच्छा व्यक्त गर्दछु । मैले पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउँद छु ।

❑❑❑



**शान्ता लक्ष्मी श्रेष्ठ, राष्ट्रिय संयोजक**
सातौं राष्ट्रिय मानव अधिकार महाभेला- २०७२
महिला मानव अधिकार सम्मान पुरस्कार संस्थापक
**हाल:** कार्यकारी सल्लाहकार, बियोण्ड बेजिङ्ग कमिटी, नेपाल
कार्यसमिति सदस्य, राष्ट्रिय जेष्ठ नागरिक महासंघ
मितिः २०८१।०८।२०गते



# शुभकामना मन्तव्य

❑ रोशना खड्का-सल्हाकार, १६औं मानव अधिकार राष्ट्रिय महाभेला

आदरणीय मानव अधिकारका अभियन्ता, सहभागी महानुभावहरू, र उपस्थित सम्पूर्ण शुभचिन्तकहरू, ७६ औँ अन्तराँष्ट्रिय मानव अधिकार दिवस र १६औं मानव अधिकार राष्ट्रिय महाभेलाको यो विशेष अवसरमा सम्पूर्ण आयोजकहरू, सहभागीहरू, र अधिकारप्रेमी समुदायलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मानव अधिकारले मानवताको मूल आत्मालाई सम्बोधन गर्दछ । हरेक व्यक्तिको समानता, स्वतन्त्रता, र सम्मानको प्रत्याभूति गर्नु नै हाम्रो सामूहिक प्रयासको केन्द्रविन्दु हुनुपर्छ । यस महाभेलाले विगतका सफलताहरूको समिक्षा गर्दै, वर्तमान चुनौतीहरूका समाधान खोज्न र भविष्यका मार्गहरू पहिल्याउन एक विशेष थलोको रूपमा काम गर्नेछ भन्ने विश्वास छ ।

यस वर्षको महाभेलाको अन्तराष्ट्रिय नारा "Our rights, our future, right now" ले मानव अधिकारको महत्त्वलाई थप गहिरोसँग प्रस्ट्याएको छ । विभिन्न पृष्ठभूमिका नागरिकहरूलाई एकत्रित गरी समान उद्देश्यका लागि काम गर्न प्रेरणा दिनु, वैचारिक आदान प्रदानलाई प्रोत्साहन गर्नु, र अधिकारका क्षेत्रमा हाम्रो योगदानलाई थप प्रभावकारी बनाउनु यस महाभेलाको महत्त्वपूर्ण भूमिका हुनेछ ।

मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि समर्पित तपाईँहरूको प्रतिबद्धता, योगदान र सक्रियताले हामीलाई

थप उत्साहित बनाएको छ । हामी सबै मिलेर न्याय, समानता, र मानवताको प्रवर्धनमा योगदान दिने संकल्प गरौं ।

१६ औं महाभेला सफलताका साथ सम्पन्न होस् भन्ने कामना गर्दै, मानव अधिकारका क्षेत्रमा यो महत्त्वपूर्ण घडीमा समाजमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने आधार तयार गरोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

धन्यवाद ।

❑❑❑

# मानव अधिकारसम्बन्धी जानकारी

## म्याग्नाकार्टा (Magna Carta) के हो ?

ल्याटिन भाषामा म्याग्नाकार्टाको अर्थ बृहद् वडापत्र "the Great Charter" हो । सन् १२१५ मा बेलायतका तत्कालीन राजा John ले जुन १५ का दिन स्वीकृत गरेको शासनपत्रलाई म्याग्नाकार्टा भनिन्छ। मूलत यो पत्र बेलायतका संभ्रान्त परिवारको लागि थियो। तथापी त्यस पत्रले राजाको एकाधिकारको अन्त्य गरेको पाईन्छ । देशको कानुनभन्दा माथि राजासमेत हुनुहुँदैन भन्ने वैचारिक मान्यता सहितको आधारशिला त्यस पत्रले स्थापना गरेको पाईन्छ । तत्पश्चात त्यस मान्यतालाई विश्वमै संविधान र कानुन निमार्णको मूल सिद्वान्तको रुपमा मान्दै आएको देखिन्छ । त्यसैले यसलाई स्वतन्त्रताको महा वडापत्र "Great Charter of the Liberties" भन्ने गरेको छ ।

## मानव अधिकारको विश्व व्यापी घोषणापत्र र म्याग्नाकार्टा

मानव अधिकारको इतिहासमा सन् १९४८ डिसेम्बर १० का दिन संयुक्तराष्ट्र संघबाट घोषणा भएको मानव अधिकारको विश्वव्यापी घोषणा (Universal Declaration of Human Rights (UDHR) एक कोशे ढुङ्गा हो । मानिसबिचको पारस्परिक सम्मान, अविभेद र समानताका सिद्धान्तमा प्रतिबद्धता व्यक्त गरिएको यस पत्रलाई दोस्रो विश्वयुद्ध पश्चात सिर्जित **'म्याग्नाकार्टा'** अथवा स्वतन्त्रताको महत्त्वपूर्ण दस्ताबेजका रूपमा पनि यसलाई व्याख्या गरिन्छ । यसै दस्ताबेजले हरेक मानव स्वतन्त्र छन् र हरेकको अधिकार र अस्तित्व समान छन् (Every human being is born free and equal in dignity and rights) र हरेकको मानव अधिकारको रक्षा गर्नु पर्छ भन्ने मान्यता स्थापित गरेको छ । अत, यस पत्रलाई मानवताको म्याग्नाकार्टा (Humanity's Magna Carta) भन्ने गरेको पाईन्छ । तसर्थ मानवताको विकास गर्न डिसेम्बर १० का दिनलाई मानव अधिकार दिवसका रुपमा विश्वभर मनाइदै आईरहेको छ ।

## नेपाली म्याग्नाकार्टाको घोषणा

नेपालमा २०६३ साल जेठ ४ गतेको प्रतिनिधि सभाको घोषणालाई नेपाली म्याग्नाकार्टाको संज्ञा दिइएको पाइन्छ । 'नेपाल अधिराज्यको संविधान, २०४७ कायमै हुँदा पुर्नस्थापित प्रतिनिधि सभाले आफुलाई शक्तिशाली बनाएको घोषणा गरेको थियो। 'जनआन्दोलनका उपलब्धिलाई संस्थागत गरि निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापना गर्ने दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकार प्रयोग गर्न यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ' । उक्त घोषणाले सम्पूर्ण शाही अधिकार कटौती गरी कार्यकारी राष्ट्रप्रमुखको भूमिका तत्कालिन प्रधानमन्त्रीले नै निभाएका थिए। प्रतिनिधिसभा संविधानभन्दा माथि रहने गरि आफूलाई सार्वभौम घोषणा गरेकै कारण त्यसलाई **'म्याग्नाकार्टा'** को रुपमा चित्रण गरिएको थियो (कान्तिपुर १२, मसिर २०७२) ।

## महिला मानव अधिकार र म्याग्नाकार्टा

सन् १२१५ मा बेलायतका राजाद्वारा स्विकृत म्याग्नाकार्टा सर्वसाधारण महिलाहरुको स्वाधिनताको लागि थिएन। तथापि त्यसै **शासनपत्र** म्याग्नाकार्टाको **कार्यान्वयनबाट** बेलायतका विधवा महिलाहरुले पूनः विवाह गर्ने या नगर्ने भन्ने निर्णय गर्ने स्वतन्त्रता, र विधवा भए पश्चात पनि श्रीमानको नाममा भएको जग्गा जमिन आफैसँग राख्न पाउने अधिकारको आरम्भ गरेको पाइन्छ । तसर्थ त्यसपत्रले **'महिला मानव अधिकार'** को अवधारणा र सोच ल्याउन र जागरण गर्नमा म्याग्नाकार्टले सघाएको पाईन्छ ।

## मानव अधिकार दिवस

संयुक्त राष्ट्र संघले सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणा जारी गर्यो। उक्त घोषणाले प्रत्येक मानिसको अधिकार सुनिश्चित गर्नका साथै त्यसलाई पुरा गर्ने जिम्मेवारी राज्यलाई दियो। त्यसपछी प्रत्येक वर्ष डिसेम्बर १० लाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा मनाइने गरिन्छ। नेपालमा राष्ट्रिय मानव अधिकार आयोग, नागरिक संघसस्था र सरकारले सम्मान, सभा, घोषणा पत्र जारी, अन्तरकृया, ऱ्याली र प्रभातफेरी, दिप प्रज्वलन जस्ता विभिन्न कार्यक्रमहरु गरेर मानव अधिकार दिवस मनाउदैँ आएको छ ।

## मानव अधिकार राष्ट्रिय महाभेला

नेपालमा वि.सं. २०६६ सालमा ६१औँ मानव अधिकार

दिवसको अवसरमा मानव अधिकारको क्षेत्रमा क्रियाशिल नागरिक समाजको नेतृत्वमा पहिलो मानव अधिकार राष्ट्रिय महाभेलाको आयोजना गरिएको थियो । यस वर्षको १६ औँ मानव अधिकार राष्ट्रिय महाभेला 'सामाजिक, आर्थिक र वातावरणीय न्यायको आधार; सिमान्तकृत समुदायको मानव अधिकार' भन्ने नाराका साथ संघ, प्रदेश र स्थानिय स्तरमा विभिन्न कार्यक्रम गरेर मनाइदै छ ।

मानव अधिकार राष्ट्रिय महाभेला प्रत्येक वर्ष नेपालमा मानव अधिकार, लोकतन्त्र, शान्ति, सामाजिक न्याय र दिगो विकासका क्षेत्रमा काम गर्ने नागरिक समाज, सरकारी तथा गैरसरकारी क्षेत्रका क्रियाशील संस्थाहरुको पहलमा राष्ट्रव्यापी आयोजना गरिन्छ । मानव अधिकार, शान्ति, लोकतन्त्र, सामाजिक न्यायका विभिन्न सवालहरु, बञ्चितिकरण, भेदभाव र सिमान्तिकरणमा परेका समुदायको अधिकारको वकालत गर्ने, मानव अधिकारको क्षेत्रमा योगदान गरेका व्यक्तिलाई सम्मान गर्ने, नागरिक संघसंस्था र अगुवाहरुबिच सहकार्य र सम्बन्धहरु विकास गर्ने र सामुहिक घोषणा पत्र जारी गर्दै मानव अधिकारको प्रचार र प्रवर्धन गर्ने समुहिक प्रयत्न मानव अधिकार राष्ट्रिय महाभेला हो । राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसगँ सम्बन्धी अन्य संवैधानिक आयोग र संस्थाहरुसगँको सहकार्यमा हुने यस महाभेलामा मानव अधिकारका विभिन्न सवालहरुको विषयमा जनता र सरोकारवाला पक्षलाई जिम्मेवार बनाउने र सचेत राख्ने प्रयास महाभेला हो । मानव अधिकारका विभिन्न सवालहरुलाई जनस्तरमा उजागर गराउने, मानव अधिकारका क्षेत्रका बहुआयामिक पक्षहरुका बारेमा समाजमा अन्तरक्रिया गराउने, सरकारलाई नागरिका अधिकारहरु प्रती जिम्मेवारी बोध गराउनुका साथै अन्तर्राष्ट्रिय मानव अधिकार हननका विरुदमा ऐकिवदता जनाउने प्रयास महाभेला हो ।

## मानव अधिकार राष्ट्रिय महाभेलाका उदेश्यहरु

- आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारका क्षेत्रमा क्रियाशील संघसंस्थाहरुबिच समन्वय र सहकार्य विस्तार गर्नु ।
- मानव अधिकारको क्षेत्रमा क्रियाशिल संघसंस्था र व्यक्तिहरुलाई एउटा छाता मुनि गोलबन्द गर्दै मानव अधिकारका सवालहरुलाई सशक्त र प्रभावकारी रुपमा प्रस्तुत गर्नु ।
- सिमान्तकृत, बहिष्करण र बञ्चितिकरणमा परेका समुदायको मानव अधिकार सुनिश्चित गर्न सरोकारवालाको ध्यानाकर्षण गराउन नागरिक समाजको सामुहिक प्रयास गर्न ।
- राज्य, तिनै तहको सरकारलाई मानव अधिकारको संरक्षण, सम्वर्धन र परिपालनका लागी ध्यानाकार्षण गराउनु ।
- मानव अधिकार रक्षकहरुलाई प्रोत्साहन, प्रवर्धन गर्दै मानव अधिकारको क्षेत्रमा लाग्न उत्साहित गर्नु ।
- घर घरमा मानव अधिकार दिवस मनाउने र मानव अधिकार चेतनाको अभिवृद्धि गर्ने ।

## मानव अधिकार महाभेलाको आवश्यकता

नेपालको संविधान २०७२ ले प्रदान गरेका आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र नागरिकसम्बन्धी मौलिक अधिकारको व्यवस्था गर्दै राज्यलाई जिम्मेवार बनाएको छ । त्यस्तै नेपालले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी वडा पत्र १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी वडा पत्र १९६६ लगायत २० भन्दा धेरै मानव अधिकारसम्बन्धी घोषणा पत्र, प्रतिज्ञा पत्र र आलेखहरुमा पक्ष राष्ट्र भएर प्रतिबद्धता गरेको छ ।

लाखौं नेपाली गरिबी, बेरोजगारी, विकासमा पछौटेपन, मानव अधिकार मैत्री योजनाको अभावका कारण अधिकारहरुबाट बञ्चित रहदै आएका छन् । मानव अधिकारहरुका विषयलाई जनस्तरमा प्रयोग गराउने मानव अधिकार मैत्री वातावरण निमार्ण गर्न आवश्यक सचेतना फैलाउने, सरोकारवाला पक्षलाई जिम्मेवार बनाउन, अधिकारको प्रयोगमा आउने बाधाहरुको समाधान खोज्न र राज्यलाई खबरदारी गर्न नेपालमा हजारौँ नागरिक संघसंस्था र समूहहरु क्रियाशील रहेका छन् । त्यस्तै, लाखौँ मानव अधिकार रक्षकहरुले देशव्यापी मानव अधिकारका फराकिला क्षेत्रहरुमा आवाज उठाइरहेका छन् ।

मानव अधिकार राष्ट्रिय महाभेलाको आवश्कयता मानव अधिकारको प्रवर्धन, प्रचार र खबदारीलाई सशक्त र सँगठित गराउनको लागि हो । त्यस्तै, मानव अधिकार र यसका सवालहरु विश्वव्यापी सगैँ स्थानीय सवालहरुसगँ जोड्ने र मानव अधिकारमैत्री वातावरण बनाउन सहकार्य गर्न सँगठीत प्रयास गर्न मानव अधिकार रक्षकहरुमा उर्जा र क्षमताबृद्धि गर्न पनि मानव अधिकार राष्ट्रिय महाभेलाले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । मानिसलाई अधिकारको प्राप्ति र उपभोग गर्न वातावरण निर्माण गर्न निरन्तर वैचारीक, व्यवहारिक र सामुहिक प्रयास र प्रकृयाका लागी पनि यसको आवश्यकता छ । नागरिक, समूह, संघसंस्थाहरुको मानव अधिकार दिवसको अवसरमा गर्ने कार्यहरुलाई सामुहिक बनाउने, सहकार्य र सँगठित प्रयासको प्रवर्धन गर्दै सशक्त रुपमा राज्यमा मानव अधिकारको संरक्षण, प्रवर्धन र सम्मान गर्न बनाउन खबरदारी गर्ने थलो हो ।

## मानव अधिकार राष्ट्रिय महाभेलाको संरचना :

प्रत्येक वर्ष मानव अधिकार राष्ट्रिय महाभेलाको संयोजन गर्न इच्छुक संस्थाहरुले आवेदन दिन पर्छ । आवेदनका आधारमा तत्कालको समितिले नयाँ संस्थालाई जिम्मेवारी हस्तान्तरण

सगैँ नयाँ संयोजकको छनोट गरिन्छ । जिम्मेवार प्राप्त संस्था र व्यक्तिले आवश्यकताअनुसार समिति विभिन्न नागरिक समाजको सहभागितामा निमार्ण गरिन्छ । मानव अधिकार दिवसको अवसरमा कार्यक्रम गर्ने र समितिले पुन मानव अधिकार राष्ट्रिय महाभेला गर्नका लागी आवेदन खुलाउने गरिन्छ ।

❑❑❑

| क्र.सं. | संयोजन गर्ने संस्थाको नाम | सह संयोजन संस्थाको नाम | सम्वत् | संयोजक | सह-संयोजक |
|---|---|---|---|---|---|
| १. | Joint Forum for Human Rights | | २००९ | चरण प्रसाई | प्रदिप पोखेल र बाबुराम गिरी |
| २. | मानव अधिकार एलाईन्स | | २०१० | गणेश विके | |
| ३. | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान | | २०११ | कपिल श्रेष्ठ | भवानी प्रसाद खरेल र सुरेश आचार्य |
| ४. | कोक्याप र राष्ट्रिय अपाङ्ग महासंघ | | २०१२ | शुर्दसन सुवेदी र वासु ढकाल | |
| ५. | दलित गैर सरकारी संस्था महासंघ | | २०१३ | गजाधर सुनार | |
| ६. | चाईल्ड नेपाल | | २०१४ | कृष्ण सुवेदी | |
| ७. | वियोन्ड वेईजिङ्ग | | २०१५ | शान्ता लक्ष्मी श्रेष्ठ | |
| ८. | आदीवासी जनजाती महिला महासंघ | | २०१६ | सुनी लामा | |
| ९. | संकल्प | युथ एड्भोकेसी नेपाल | २०१७ | लिली थापा | नरेन्द्र खतिवडा |
| १०. | युथ एड्भोकेसी नेपाल | पौरखी नेपाल र फतिमा फाउन्डेसन | २०१८ | नरेन्द्र खतिवडा | मन्जु गुरुङ्ग र मोहम्मद सिद्धिकी (स्वर्गारोहण) |
| ११. | गैर सरकारी संस्था महासंघ नेपाल | ग्रास रुट्स डिभेलपमेन्ट फाउन्डेसन र राष्ट्रिय युवा महासंघ नेपाल | २०१९ | जितराम लामा | दिपक सोनी र सुजन घले |
| १२. | किड्याक | एनएनडिएसडब्लुओ र हामी | २०२० | गेविन्द शाही | गीता पाण्डे र त्रिलोचन विश्वास |
| १३. | कोक्याप | फ्रिडम फर अल र शान्ति फाउन्डेसन | २०२१ | रोशना खड्का | खगेन्द्र ओली र शान्ति तामाङ्ग |
| १४. | पौरखी नेपाल | नेपाल फोरम फर रेस्टोरेटिभ जस्टिस | २०२२ | मन्जु गुरुङ्ग | प्रवेश राज जोसी |
| १५. | ग्रास रुट्स डेभलपमेन्ट फाउन्डेसन | नाफान र युवाका लागि साथ साथ | २०२३ | दिपक सोनी | योगेन्द्र विजय दाहाल र सुजन अधिकारी |
| १६. | नाफान | आयोन, मर्यादा फाउन्डेसन र सोसेक | २०२४ | भोला भट्टराई | हिमाल महत, गीता चौधरी र अन्जना शर्मा |

## मानव अधिकार महाभेला २०२४ का सल्लाहकारहरु

१. चरण प्रसाई
२. गणेश विके
३. कपिल श्रेष्ठ
४. प्रदिप पोखेल
५. वावुराम गिरी
६. भवानी प्रसाद खरेल
७. सुरेश आचार्य
८. शुदर्शन सुवेदी
९. गजाधर सुनार
१०. कृष्ण सुवेदी
११. शान्ता लक्ष्मी श्रेष्ठ
१२. सुनी लामा
१३. लिली थापा
१४. नरेन खतिवडा
१५. जित राम लामा
१६. राम प्रसाद सुवेदी
१७. रोशना खड्का
१८. मन्जु गुरुङ्ग
१९. गोविन्द शाही
२०. दिपक सोनी
२१. गिता पाण्डे
२२. सुजन घले
२३. सुजन अधिकारी
२४. शान्ति तामाङ्ग
२५. खगेन्द्र ओली
२६. प्रवेश राज जोसी

# १६ औं मानव अधिकार राष्ट्रिय महाभेला २०८१

## कार्यक्रम विवरण

| क्र.सं. | मिति | कार्यक्रम | स्थान | समय | संस्थाको नाम |
|---|---|---|---|---|---|
| १ | डिसेम्बर, ०४, २०२४ | नागरिक समाजबिच अन्तरक्रिया कार्यक्रम | एन जी ओ फेडेरेशन हल | ०१:००-०४:०० | एन जी ओ फेडेरेशन |
| २ | डिसेम्बर, ०७, २०२४ | पत्रकार सम्मेलन | राष्ट्रिय मानव अधिकार आयोग/एन जी ओ फेडेरेशन | ०१:००-०३:०० | नाफान, सोसेक, मर्यादा फाउण्डेशन, आयोन |
| ३ | डिसेम्बर, ०८, २०२४ | - रजिष्ट्रेशन<br>- स्टल अवलोकन<br>- नेटवर्किङ<br>- अतिथी स्वागत<br>- फेस पेन्टिङ | नेपाल प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | ११:००-०१:०० | नाफान, सोसेक, मर्यादा फाउण्डेशन, आयोन |
| ४ | डिसेम्बर, ०८, २०२४ | स्टल प्रदर्शन | नेपाल प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | ११:००-०४:०० | नाफान, सोसेक, मर्यादा फाउण्डेशन, आयोन |
| ५ | डिसेम्बर, ०८, २०२४ | उद्घाटन समारोह | नेपाल प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | ०१:३०-०३:३० | नाफान, सोसेक, मर्यादा फाउण्डेशन, आयोन |
| ६ | डिसेम्बर, ०८, २०२४ | रात्री खाना | नेपाल प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, क्याण्टीन | ०५:००-०६:०० | नाफान, सोसेक, मर्यादा फाउण्डेशन, आयोन |

| क्र.सं. | मिति | कार्यक्रम | स्थान | समय | संस्थाको नाम |
|---|---|---|---|---|---|
| ७ | डिसेम्बर, ०९, २०२४ | मानव अधिकार फुटसल समारोह | बाफल | ०९:००-०५:०० | आयोन |
| ८ | डिसेम्बर, ०९, २०२४ | मानव अधिकार फिल्म फेष्टिभल | नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप | १०:०० ०५:०० | मानव अधिकार फिल्म सेन्टर |
| ९ | डिसेम्बर, ०९, २०२४ | Climate change and social justice in relation to older person | TBD | ११:००-०२:०० | Aging Nepal |
| १० | डिसेम्बर, ०९, २०२४ | सिमान्तकृत समुदाय र मानव अधिकार विषयक अन्तर संवाद | साप फाल्चा | ११:००-०२:०० | सोसेक |
| ११ | डिसेम्बर १०, २०२४ | मानव अधिकार र्‍याली | भृकुटीमण्डपबाट रत्नपार्कसम्म जाने | ०७:३०-०९:३० | एनजी ओ फेडेरेशन, तथा आयोजक संस्थाहरु |
| १२ | डिसेम्बर १०, २०२४ | ७६ औ मानव अधिकार दिवस मुल समारोह | मानव अधिकार आयोग परिसर | १०:००-०१:०० | राष्ट्रिय मानव अधिकार आयोग |
| १३ | डिसेम्बर १०, २०२४ | स्टल प्रदर्शन | राष्ट्रिय मानव अधिकार आयोग परिसर | ११:००-०४:०० | राष्ट्रिय मानव अधिकार आयोग |
| १४ | डिसेम्बर ११, २०२४ | शिक्षा र मानव अधिकार विषयक छलफल कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग हल, पुल्चोक | ०१:३०-०४:३० | नेपाल सहभागीमुलक कार्य समुह (नेपान) |
| १५ | डिसेम्बर ११, २०२४ | दलित मानव अधिकारको बैचारिक बहस | साप फाल्चा | ११:००-०१:०० | संयुक्त दलित/ नागरिक समाज |
| १६ | डिसेम्बर ११, २०२४ | Loss and Damage सम्बन्धी छलफल | अल्फा हाउस, बानेश्वर | ०९:००-०१:०० | सोसेक र डिपिनेट |
| १७ | डिसेम्बर ११-१२, २०२४ | 7th Nepal Youth SDG Summit | नेपाल एकाडेमी कमलादी | १०:००-०५:०० | युथ एडभोकेसी नेपाल |
| १८ | डिसेम्बर १२, २०२४ | वातावरणीय मानव अधिकार रक्षकहरुको सम्मेलन | होटल ऐलो प्यागोडा, कान्तिपथ (आमन्त्रित सहभागी मात्र) | ०९:००-०५:०० | राष्ट्रिय मानव अधिकार आयोग |
| १९ | डिसेम्बर १२, २०२४ | युद्धग्रस्त क्षेत्र र मानव अधिकार विषयक छलफल | NGO Federation | ११:०० | |
| २० | डिसेम्बर १३, २०२४ | Human Right and Climate Change Induced Disaster | साप फाल्चा, बबरमहल, काठमाण्डौ | ०२:००-०४:३० | साप नेपाल |
| २१ | डिसेम्बर १३, २०२४ | अनुपम अभियान विषयक अन्तरक्रिया कार्यक्रम | TBD | ०१:००-०३:०० | टेवा र नागरिक आवाज |
| २२ | डिसेम्बर १३, २०२४ | अनुपम अभियान र संक्रमणकालिन विषयक अन्तरकिया कार्यक्रम | ठमेल | ४:०० | टेवा र नागरिक आवाज |

| क्र.सं. | मिति | कार्यक्रम | स्थान | समय | संस्थाको नाम |
|---|---|---|---|---|---|
| २३ | डिसेम्बर १३, २०२४ | शान्तिदिप प्रज्जवलन | बौद्ध स्तुपा | ५:०० | HORFOM |
| २४ | डिसेम्बर १३, २०२४ | छुवाछुत, असमावेशीकरण, विभेद विरुद्धको आवाज विषयक अन्तरक्रिया कार्यक्रम | साप फाल्चा | ९:००-१:०० | संयुक्त/दलित नागरिक समाज नेपाल |
| २५ | डिसेम्बर १३, २०२४ | सिमान्तकृत समुदाय र जलवायु न्यायसम्बन्धी अन्र्तसम्वाद | साप फाल्चा | ११:००-१:०० | संयुक्त/डानर नेपाल |
| २६ | डिसेम्बर १४, २०२४ | मानव अधिकार रक्षाका लागि राजनितीक प्रतिवद्धता विषयक संवाद कार्यक्रम | नेपाल टुरीजम बोर्ड | ११:००-१:०० | आयोन |
| २७ | डिसेम्बर १४, २०२४ | मानव अधिकार महाभेला समापन समारोह | नेपाल टुरीजम बोर्ड | १:००-४:०० | नाफान, सोसेक, मर्यादा फाउण्डेशन, आयोन |

## गण्डकी प्रदेश

| क्र.सं. | मिति | कार्यक्रम | स्थान | समय | संस्थाको नाम |
|---|---|---|---|---|---|
| १ | डिसेम्बर, ०८, २०२४ | जेल अनुगमन | स्याङजा | | संयुक्त |
| २ | डिसेम्बर, ०९, २०२४ | मानव अधिकार सम्वन्धि छलफल (वातावरण र व्यवसाय) | पोखरा | | संयुक्त |
| ३ | डिसेम्बर, १०, २०२४ | Our rights, our future right now | पोखरा | | संयुक्त |

**नोट** : अन्य प्रदेशको सूचना अर्को पत्रमा समावेश हुनेछ ।



प्रिन्टिङ्ग सहयोग : EUROPEAN UNION

थप जानकारीका लागि :
**भोला भट्टराई**
संयोजक, नाफान नेपाल
**फोन** : 9851074770, इमेल : nafannepal8@gmail.com